आज मिति २०७८ साल फागुन ३० गते सोमबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपसिलका महानुभावहरुको उपस्थितिमा ७९औं नगर कार्यपालिकाको बैठक बसियो।

उपस्थिति

| सि.नं | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | ज्ञानमाया डंगोल | | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत/सचिव | शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष/न.का.स. | श्रीकृष्ण अधिकारी | | |
| ५ | वडा अध्यक्ष/न.का.स. | दिपकराज जोशी | | |
| ६ | वडा अध्यक्ष/न.का.स. | सिंहराज श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स. | धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष/न.का.स. | जगन्नाथ ढकाल | | |
| ९ | वडा अध्यक्ष/न.का.स. | महेश्वर के.सी. | | |
| १० | वडा अध्यक्ष/न.का.स. | नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष/न.का.स. | केशव बहादुर खत्री | | |
| १२ | वडा अध्यक्ष/न.का.स. | जोग प्रसाद नेपाल | | |
| १३ | वडा अध्यक्ष/न.का.स. | मधुसुदन पाण्डे | | |
| १४ | वडा अध्यक्ष/न.का.स. | उत्तम अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | पार्वती अधिकारी | | |
| १६ | नगर कार्यपालिका सदस्य | कल्पना घिमिरे | | |
| १७ | नगर कार्यपालिका सदस्य | जगतमाया महर्जन | | |
| १८ | नगर कार्यपालिका सदस्य | उर्मिला बि.क. | | |
| १९ | नगर कार्यपालिका सदस्य | शोभा तामाङ | | |
| २० | नगर कार्यपालिका सदस्य | लिला भुजेल | | |
| २१ | नगर कार्यपालिका सदस्य | बच्चु बस्याल | | |
| २२ | नगर कार्यपालिका सदस्य | सन्जिव सुनुवार | | |

निर्णयहरुः

१. नगरकार्यपालिकाको ७८ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो।

२. नगरकार्यपालिकाको ७८ औं कार्यपालिका वैठकवाट उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत संचालन हुने चालु आ.ब २०७८/७९ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु सम्झौताको समय सीमा २०७८ फाल्गुण २० सम्म तोकिएकोमा उक्त समय सीमालाई २०७८ चैत्र मसान्त सम्म कायम गर्ने।

३. यस टोखा नगरपालिका भित्रको रात्रीकालिन यातायात तथा आवत जावतलाई सहज वनाउन नगरक्षेत्रभित्र नगरपालिकाको तर्फवाट जडान गरी संचालन भएका/ हुने सडक वत्तीको प्रयोग गरेवापत उठ्ने विद्युत युनिटको हिसाव गर्न सव-मिटर जडान तथा व्यवस्थापन गरी प्राविधिक लगायत अन्य आवश्यक सहयोग तथा सहजिकरणको लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरी सो सम्वन्धमा प्रचलित ऐन,नियम,विनियम तथा विद्युत सेवा सम्वन्धी सर्तहरु पालना गर्दै नियमानुसार मिटरवाट उठेको महशुलदर अनुसारको महशुल रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्ने।

४. यस नगरपालिकावाट महिला स्वास्थ्य स्वंयम सेविकाहरुको लागि २०७४ साल देखि दिईदै आएको मासिक यातायात खर्च वापत प्रतिव्यक्ति रु १०००/ लाई अनुमोदन गर्दै सो यातायात खर्चलाई निरन्तरता दिने।

५. टोखा प्रादेशिक अस्पतालमा कार्यरत कर्मचारीहरुलाई खाजा खर्च वापत हाजिरी दिनको प्रतिदिन रु २००/- उपलव्ध गराउने।

६. नगरपालिकामा कार्यरत नगर प्रहरीलाई दिईदै आएको भत्ताको सट्टा राशन खर्चमा रुपान्तरण गरी राशन खर्च उपलव्ध गराउने।

७. ११ नं. साविक गोगंवुँ ९ सिट नं. १०२-०९८५-०१ कि.नं. २ को सार्वजनिक वाटोमा कि.नं. १२ का जग्गाधनी नवराज तिवारीले अवरोध खडा गरी फलामको गेट तथा वार प्रयोग गरी वाटो वन्द गरेकोले निजलाई तत्कालै उक्त गेट तथा वार हटाई वाटो खाली गर्न लगाउने, नहटाएमा नगरपालिकावाट हटाउने।

८. औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई औषधि उपचार खर्च शिर्षकवाट रकम उपलव्ध गराउने।

क. डा. सुधीर गिरी रु . ७५ हजार

ख. समिता राना रु ७५ हजार

ग. मन सिलवाल रु २५ हजार

घ. वडा नं. ११ निवासी निशा थापा रु ३० हजार

ङ. वडा नं. १० निवासी वीर वहादुर वि.क रु ३० हजार

च. वडा नं. ११ निवासी किशोर थापा रु ५० हजार

९. वडा नं. १० स्थित साविकमा रेडक्रस सहयोग समितिले प्रयोग गरिरहेको सामुदायीक भवनको सटर कवलहरु प्रयोग गरिरहेका व्यक्तिहरुलाई सटर कवलका सम्वन्धमा छलफलका लागि नगरपालिकामा वोलाउने साथै उक्त भवनको माथिल्लो तल्लामा आधारभूत स्वास्थ्य केन्द्र सार्ने।

१०. यस कार्यालयवाट मिति २०७८-८-०३ को नयां पत्रिका राष्ट्रिय दैनिकमा ठेक्का नं. 22/NCB/TM/W/2078-79, Construciton of Baniyatar Bridge, ward- 8 & ward – 11 खरिद सम्वन्धी वोलपत्र मूल्याङ्कनको चरणमा रहेको र निर्माण गरिने उक्त पुलको तयार भएको लागत अनुमान र ड्रईङग डिजाईनमा केहि हेरफेर गर्नु पर्ने देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४६ को खण्ड (ञ) र कार्यालयवाट स्वीकृत गरी जारी गरिएको बोलपत्र सम्बन्धी कागजातको ITB no. 37 वमोजिम उक्त वोलपत्र रद्द गरी लागत अनुमान र ड्रईङ्ग डिजाईनमा आवश्यकता अनुसार परिमार्जन गरी पुन:बोलपत्र आह्वानको सूचना शिघ्र प्रकाशन गर्ने।

११. नेपाल सरकार स्वास्थ्य वीमा वोर्डवाट कार्यान्विय भएको स्वास्थ्य वीमा कार्यक्रम टोखा नगरपालिकामा शुभारम्भ गरियो। टोखा नगरपालिकामा स्थायी वसोवास गर्ने नागरिकहरुलाई आर्थिक सहायता/ औषधि उपचार खर्च प्रदान गर्दा उपलव्ध गराईएको रकम मध्ये रु ३५००/- कट्टागरी निजको परिवारको स्वास्थ्य वीमा गराउने।

१२. टोखा नगरपालिका क्षेत्रको धार्मिक-सास्कृतिक पर्यटन प्रबर्द्धनको सम्भाव्यता अध्ययनको लागि यस कार्यालय र सेन्टर फर रिसर्च ईन टुरिजम वीच मिति २०७८-८-१९ मा भएको सम्झौतानुसारको रकम रु ४९४३७५/- ( चार लाख चौरानव्वे हजार तीन सय पचहत्तर मात्र) कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी उपलव्ध गराउने ।

१३. साविकको जिल्ला विकास समिति काठमाडौंवाट मिति २०६७/८/१२ वाट साधारण निर्माणमुखी खनिज पदार्थ (वालुवा) को खनिज कार्य गर्न खानी उत्खन्न अनुमतिपत्र प्राप्त गरेका श्री राजेश श्रेष्ठको माग निवेदन वमोजिम स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(२) (प)(७) अनुसार निजले प्राप्त गरेको साधारण निर्माण पदार्थको खनिज कार्यको अनुमतिपत्र खारेज गरी सो को जानकारी गराउने।

१४.चालु आ.ब.मा ठेक्का आव्हान भई लागत अनुमान भन्दा कम रकममा ठेक्का सम्झौता भएका योजनाहरुको हकमा विनियोजित रकम मध्ये ठेक्का सम्झौता भई वाँकी रहेको रकम सोहि आयोजनाको वाँकी खण्डमा खरिद प्रकृया अगाडि वढाउने। साथै वडा नं. ३ को वखुण्डोलमा ढल निर्माणको लागि रु २० लाख विनियोजन गर्ने।

१५.टोखा शिवपुरी खानेपानी व्यावस्थापन समितिको माग निवेदन अनुसार वडा नं. २ र ३ को सार्वजनिक स्थलहरुमा सार्वजनिक धारा निर्माण तथा वितरण गरी समुदायलाई खानेपानी बितरणमा सहजता प्रदान गर्दै आएकोले संस्था दर्ता प्रमाणपत्र माग भएकोमा उक्त टोखा शिवपुरी खानेपानी व्यवस्थापन समितिद्धारा खानेपानी व्यवस्थापनको जिम्मा तथा नियमित संचालन संरक्षणको लागी टोखा शिवपुरी खानेपानी व्यावस्थापन समितिलाई स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(४) (ठ) अनुसार दर्ता गरी प्रमाणपत्र उपलव्ध गराउने।

१६.वडा नं. ८ स्थित शान्ति टोल विकास समितिको माग निवेदन अनुसार विष्णुमति किनाराको फ्लोरोसेन्ट स्कुल देखि वानायँटार पुल सम्मको वाटो मध्ये फ्लोरोसेन्ट पुल तर्फ टेवा पर्खाल लगाउन विष्णुमति/ साङ्लेखोला लगायतका नदी नियन्त्रण रिटेनिङ्ग वाल शिर्षकवाट रु २१५८०७/- उपलव्ध गराउने।

१७.वडा नं. ६ र ११ मा सामुदायिक वालविकास केन्द्र संचालन गर्ने सम्वन्धमा सम्वन्धित वडावाट सिफारिस भई आए अनुसार उक्त वालविकास केन्द्रहरुको स्वामित्व ग्रहण गर्ने ।

१८.विच विनायक मूल समिति गोगंवुँको माग निवेदन अनुसार वीच विनायक गणेश जात्रा संचालन गर्न कार्यक्रम खर्च शिर्षकवाट रु १५००००/- उपलव्ध गराउने।

१९.हार्मोनि हाउजिङ्ग कल्याणकारी आवास समाजको निवेदन अनुसार वडा नं. ३ को टोखा मूल सडकवाट ईन्द्रायणी वनको पूर्व तथा दक्षिण हुदै हार्मोनि हाउजिङ्ग तर्फजाने सडकको वीच भागमा रहेका मंगाल मर्मत सम्हारको लागि रु ६९०००/- मर्मत सम्हार शिर्षकवाट उपलव्ध गराउने।

२०.टोखा घुमघाम विशेष डकुमेन्ट्री निर्माणको लागि रु १ लाख कार्यक्रम खर्च शिर्षकवाट विनियोजन गर्ने।

२१.महालेखा परीक्षकको कार्यालयवाट आ.ब २०७४/७५ को लेखापरीक्षणमा उठाईएका जनप्रतिनिधिहरुको भत्ता सम्वन्धी वेरुजु फछर्यौट भएको व्यहोराको जानकारी गराउने।

२२.नगरपालिकाको प्रशासनिक भवनको ठेक्का Gaura-Shrinkhala JV संग मिति २०७६-१०-२२ मा सम्झौता भई मिति २०७८-१०-२१ सम्मको कार्य सम्पन्न म्याद रहेकोमा कार्यालयले समयमानै साईट उपलव्ध नगराए र कोभिड-१९ पहिलो तथा दोश्रो भेरियन्टका कारण नेपाल सरकारवाट वन्दावन्दी जारी गरी नियमित रुपमा काम गराउन नपाएको भनी १७ महिना ५ दिन म्याद थपको लागि निवेदन दिएको सम्वन्धमा म्याद समाप्त भएको मितिले वढीमा १ वर्ष म्याद थप गर्ने एवं मूल्यवृद्धिको समायोजनको लागि थप रकम माग गरेको सम्वन्धमा प्रचलित ऐन,नियम र ठेक्का सम्झौता वमोजिम हुने गरी मूल्य समायोजन वापत भुक्तानी गर्ने।

२३. ११ नं. वडा कार्यालयको मिति २०७८-७-१ को पत्रानुसार ॐनगर टोल विकास संस्था अन्तरगत विष्णुमति नदि किनारको वाटोमा हालिएको सडक ग्राभेलको लागि श्रीमान नगरप्रमुखज्यूको आदेशानुसार नवै नगरसभाको सि.नं. ११७४ मा विनियोजित रकम मध्येवाट रु ८५ हजार ॐ नगर टोल विकास संस्थालाई भुक्तानी उपलव्ध गराउने।

२४.मुध्वखा टोललाई वाध्यवाद्यन सामाग्री खरिदको लागि रु १ लाख लक्षित वर्ग कार्यक्रम खर्च शिर्षकवाट उपलव्ध गराउने।

२५.वसुन्धरा टोल पञ्चेवाजा टोल विकास संस्थाको पञ्चेवाजा खरिद कार्यको लागि रु. १ लाख लक्षित वर्ग कार्यक्रम खर्च शिर्षकवाट उपलव्ध गराउने।

२६.पाँच वर्षमा नगरपालिका भित्र भएका असल अभ्यासहरु समेटी सन्देशमूलक जर्नल जनप्रतिनिधिको वोली प्रकाशन गर्न रु ६५ हजार कार्यक्रम खर्च शिर्षकवाट विनियोजन गर्ने।

२७.टोखा नगरपालिकाको गतिविधिहरुलाई स्थलगत छायाँकन तथा अन्तरवार्ता लगायत अनलाईन मिडिया मार्फत प्रचार प्रसार गर्नको लागि रु १ लाख कार्यक्रम खर्च शिर्षकवाट विनियोजन गर्ने।

२८.नेपाल वादोरियो कराँते डो संघको खेलकूद कार्यक्रमको लागि कार्यक्रम खर्च शिर्षकवाट रु ७५ हजार उपलव्ध गराउने।

२९.नगर सभाको नवौं अधिवेनको सि.नं. ७३ मा रहेको विपन्न, असहाय तथा अति आवश्यक पर्ने विद्यार्थीहरुलाई सहयोग गर्न नगर छात्रवृत्ति कोष स्थापना गरी कार्यविधि निर्माण गर्ने।

३०.वडा नं. ११ को दीपकबाबु अर्यालको घर नजिकको जमिन भासिन गएकोले उक्त संरक्षणको लागि रकम रु ३ लाख विनियोजन गरि पहिरो रोकथाम तथा नियन्त्रण गर्ने।

३१.वडा नं. २ को वगजल टोल ईट्टा सोलिङ्ग कार्यको लागि रु ३ लाख विनियोजन गर्ने।

३२.झोरमहाँकाल मा.वि खेलकूद मैदान निर्माणकोको लागि रु ३ लाख विनियोजन गर्ने।

३३.अत्यावश्यक भएका मुख्य सडकहरु ( गोगंवुँ गणेशस्थान-वानियाँटार सडक खण्ड एवं अन्य अत्यावश्यक सडकहरु समेत) मा सडक ग्राभेल गर्ने।

३४.वडा नं. ३ को उज्यालो वस्ती टोलमा सडक ढलान रु १० लाख विनियोजन गर्ने।

३५.आत्रय निर्माण सेवा प्रा.लिसंग वडा नं. ११ को वडा कार्यालय भवन निर्माणको लागि ठेक्का सम्झौता हुदाँको घटी दरमानै भेरिएसन आदेश स्वीकृत गरी प्राविधिक मूल्याङ्कन अनुसारको अन्तिम किस्ता रकम भुक्तानी गर्ने।

३६.वडा नं. २ को चण्डेश्वरीमार्गवाट गणेशस्थान निस्कने मूल सडकवाट सपनातिर्थ खोला तर्फ निस्कने सडक १३ फिट कायम गर्ने। ( साविक चण्डेश्वर ६ ख स्थित कि.नं. ५६१ र ५२२ हुदै सार्वजनिक जग्गा ३१,३० लगायतवाट कि.नं. ५२९ र ६२९ का जग्गाका क्षेत्र)

३७.नगर उप प्रमुखको संयोजकत्वमा गठित नगरस्तरिय योजना अनुगमन तथा सुपरिवेक्षण समितिद्धारा पेश भएको हाल सम्मको अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने।